आज मिति २०७५ साल फाल्गुण महिनाको ९ गते विहिवारका दिन यस व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| उपसचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

१. प्रतिनिधि तोक्ने सम्बन्धमा ।
२. चौथो नगर सभाद्वारा पारित संशोधित नीति, कार्यक्रम तथा बजेटको समीक्षा सम्बन्धमा ।
३. मृत्यू संस्कार स्थल खोजी एवं व्यवस्थापन सम्बन्धमा ।
४. आयोजनाहरु संचालन सम्बन्धमा ।
५. उपभोक्ता समिति तथा जनश्रमदान/लागत सहभागितामा आधारित योजना कार्यान्वयन कार्यविधि निर्माण सम्बन्धमा
६. दमौली खानेपानी आयोजनाको म्याद थप सम्बन्धमा ।
७. दोस्रो म्याराथन दौड प्रतियोगिताको खर्च अनुमोदन सम्बन्धमा ।
८. होमस्टेहरु प्रवर्द्धनको लागि अनुदान दिने सम्बन्धमा ।
९. सौर्यउर्जा उत्पादनका लागि जग्गा लिजमा दिने सम्बन्धमा ।
१०. विद्यालय क्षेत्र सुधार कार्यक्रम सम्बन्धमा ।
११. प्रधानाध्यापक नियुक्ति सम्बन्धमा ।
१२. वडा नं.१ को जग्गा खरिद बोलपत्र मूल्यांकन सम्बन्धमा ।
१३. वडा नं.९ को जग्गा खरिद बोलपत्र मूल्यांकन सम्बन्धमा ।
१४. वडा नं.१३ को जग्गा खरिद बोलपत्र मूल्यांकन सम्बन्धमा ।
१५. सिद्धार्थ बैंकलाई ए.टि.एम. राख्नको लागि स्थान उपलब्ध गराउने सम्बन्धमा ।
१६. नारेश्वर खोला कृतिम ताल योजना सम्बन्धमा ।

**निर्णय नं.१**: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा तेजराज थपलिया समेतले व्यास नगरपालिका कार्यालय समेतलाई विपक्षी बनाई उच्च अदालत पोखरा रिट नं.०७५WO-००४६ को उत्प्रेषण परमादेश समेतको निवेदन दर्ता गरी सोको म्याद समेत प्राप्त भएकोले यस कार्यालयको तर्फबाट सो विषयमा लिखित जवाफ पेश गरी सो मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धी सम्पूर्ण कार्य गर्ने गरी यस कार्यालयमा कार्यरत खरिदार श्री विष्णुकुमार जोशीलाई प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा चौथो नगर सभाबाट पारित संशोधित नीति, कार्यक्रम तथा बजेट अनुसारको लक्ष्य हासिल गर्न कार्यान्वयनको कार्ययोजना सहित अगाडि बढ्न सम्पूर्ण वडा कार्यालयहरु र नगरपालिका केन्द्र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३**: प्रस्ताव ३ का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा द्रुत गतिमा बढीरहेको शहरी करणको विकास सँगसँगै बढिरहेको मानव वस्ती र जनघनत्वका कारण नगर क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजाति र धर्म संस्कारका समुदायहरुको आ-आफ्नो पराम्परा अनुसार गरिने मृत्यु संस्कार गर्ने स्थानहरु सिमित तथा केही स्थानहरु विवादित समेत बन्दै गइरहेका हुँदा सोको उचित व्यवस्थापनको लागि उपयुक्त स्थानहरुको खोजी गरी एकिन गर्न १५ दिन भित्र प्रतिवेदन बुझाउने गरी वडा अध्यक्ष श्री निरबहादुर खड्काको संयोजकत्वमा तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो ।
तपशिल

| | |
|---|---|
| श्री निरबहादुर खड्का | संयोजक |
| श्री विश्वराज न्यौपाने | सदस्य |
| श्री तुलसीराम सापकोटा | सदस्य |
| श्री कल्पना पोखेल | सदस्य |
| श्री चन्द्रमाया परियार | सदस्य |
| श्री मधुमाया घर्ती | सदस्य |
| श्री रामचन्द्र हड्खले | सदस्य सचिव |

**निर्णय नं.४**: प्रस्ताव ४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका निम्नानुसारका वडाहरुमा प्रस्तावित देहाय बमोजिमका योजनाहरुको प्राविधिकद्वारा लागत अनुमान तयार गराउने साथै उपभोक्ताहरुबाट लागत सहभागिता हुन सक्ने तथा रु.५ लाखसम्मको लागतका योजनाहरु सम्बन्धित उपभोक्ता समिति मार्फत संचालन गर्ने र उपभोक्ता लागत सहभागिता जुट्न नसक्ने योजनाहरु सिलबन्दी दरभाउपत्र / बोलपत्र मार्फत प्रतिस्पर्धा गराई संचालन गर्ने साथै प्रतिस्पर्धाबाट घट्न सक्ने रकमबाट सम्बन्धित योजनामानै थप काम गर्ने गराउने निर्णय गरियो ।

| सि.नं | आयोजनाको नाम | वडा नं | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खड्काली मार्ग | व्यास ११ | ४० लाख | |
| २ | क्यामिन मार्ग | व्यास ७ | २५ लाख | |
| ३ | कालिका मार्ग | व्यास ७ र ८ | ३० लाख | |
| ४ | क) पराशर मार्ग वडा नं.१० खण्ड | व्यास १० | १० लाख | |
| | ख) पराशर मार्ग वडा नं.११ खण्ड | व्यास ११ | ३० लाख | |
| ५ | मानहुँडाँडा रेलिङ तथा भ्यू प्वाइन्ट निर्माण | व्यास ५ | ३० लाख | |
| ६ | माहेन्द्री मार्ग | व्यास ५ | ४० लाख | |

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुलाई गुणस्तरीय बनाउने तथा योजनामा उपभोक्ताहरुको अपनत्व वृद्दि गर्न उपभोक्ता समिति तथा जनसहभागिता/लागत सहभागितामा आधारित योजना कार्यान्वयन सम्बन्धी कार्यविधि तयार गरी १५ दिन भित्र कार्यपालिकामा मस्यौदा पेश गर्ने गरी वडा अध्यक्ष श्री सतिशचन्द्र न्यौपानेको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो ।
तपशिल

| | |
|---|---|
| श्री सतिशचन्द्र न्यौपाने | संयोजक |
| श्री विश्वराज न्यौपाने | सदस्य |
| श्री मोहनकुमार श्रेष्ठ | सदस्य |
| श्री तुलसीराम सापकोटा | सदस्य |
| श्री निरबहादुर खड्का | सदस्य |

श्री चन्द्रमाया परियार सदस्य
श्री राजु पौडेल सदस्य सचिव

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा दमौली खानेपानी तथा उपभोक्ता संस्थाबाट म्याद थपको लागि पत्र संख्या २०७५/७६ चलानी नम्बर २५ मिति २०७५/०९/११ गतेको पत्रद्वारा लेखिआए अनुसार सो संस्थाको हालसम्मको प्रतिवेदन माग गर्ने भनी मिति २०७५/०९/२३ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम प्राप्त प्रगति विवरण र तत्कालिन अवस्थामा भएको सम्झौता (२०६५/०९/११ मा) अध्ययन गरी हेर्दा यस नगरपालिकाबाट तहाँ पठाइएका आयोजनाका कर्मचारीहरुको हालसम्म पनि समायोजन नगरेको, तत्कालिन अवस्थामा जनप्रतिनिधिहरु नभएको भएतापनि हालको अवस्थासम्म पनि जनप्रतिनिधिहरुको भूमिका र सहभागिता रहने गरी विधानमा कुनै व्यवस्था नगरेको, यस नगरपालिका संरक्षकको हैसियतमा धन जमानी बसी साना शहरी आयोजना मार्फत दातृ निकायसँग भएको ऋण लिने दिने सम्झौताको मर्म र उद्देश्य अनुसार संरक्षकको भूमिकालाई विधानमा उल्लेख नगरिएको, आयोजना अन्तर्गत नै सरसफाई प्याकेज भित्र निर्माण भएका पक्की नाला, शौचालय तथा स्लजड्राइङ्ग वेल्ट जस्ता आयोजनाहरु हालसम्म पनि नगरपालिकालाई औपचारिक रुपमा हस्तान्तरण गरेको नदेखिएको साथै उपभोक्ताहरुले हाल तिरिरहेको खानेपानी महशुलको अनुपातमा आपूर्ति भइरहेको खानेपानीको गुणस्तर, परिमाण र आपूर्ति व्यवस्था एवं सो सम्बन्धी सेवाको स्तरबाट आम उपभोक्ताहरु सन्तुष्ट नभएको पाइएको हुनाले मौजुदा अवस्थामा नै सम्झौताको म्याद थप गर्ने सम्बन्धमा निर्णय लिन सहज नभएको हुँदा सम्झौताको म्याद थप गर्नको लागि उपयुक्त कारण सहित खुल्ने गरी उल्लेखित सम्पूर्ण पक्षहरुको सम्बन्धमा उपभोक्ता संस्थाको निर्णय सहितको धारणा लिखित रुपमा पेश गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा गत माघ १६ गते सम्पन्न दोस्रो व्यास नगर खुला अल्ट्रा म्याराथन दौड प्रतियोगितामा भएको कुल खर्च रु. १३,८८,२००। (तेह्र लाख अठासी हजार दुई सय) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाका विभिन्न वडाहरुमा विधिवत रुपमा दर्ता भई संचालनमा रहेका सामुदायिक होमस्टेहरु र सामुदायिक एवं सार्वजनिक स्थानमा रहेका भवनहरुमा वडा कार्यालयको सिफरिसको आधारमा स्थानीय स्तरको आवश्यकता बमोजिम शौचालय र स्थान घर निर्माण गर्न बढिमा रु.२ लाखसम्म अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा श्री सोर्स एण्ड सोलुसन प्रा.लि.ले पेश गरेको प्रस्ताव बमोजिम सौर्यउर्जा प्रविधिमा आधारित विद्युत उत्पादन आयोजनाका लागि साविक गुणादी १/क हाल व्यास नगरपालिका वडा नं.५ अन्तर्गत मानहुँडाँडामा पर्ने कि.नं. १२२ र १२९ क्षेत्रफल १८० भएको सार्वजनिक जग्गामा जग्गा दर्ता तथा जग्गा लिजमा दिने सम्बन्धी कार्यविधि बमोजिम सार्वजनिक जग्गा लिजमा दिने गरी नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा चालु आ.व. ०७५/०७६ मा यस नगरपालिकामा प्राप्त विद्यालय क्षेत्र सुधार कार्यक्रम तर्फको स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरु मध्ये तपसिलका कार्यक्रमहरु तपसिलका सामुदायिक माध्यमिक विद्यालय तथा आधारभूत विद्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | विद्यालयको नाम | लगत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | WASH सुविधा सहितको शौचालय | महर्षि वेदव्यास संस्कृत मा.वि. | ७ लाख | |
| | | जनजुक्त शाही मा.वि. | ७ लाख | |
| | | सिद्वेश्वरी मा.वि. | ७ लाख | |
| २. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | बसाहस्थान मा.वि. | ६ लाख ५० हजार | |
| | | क्यामिनकोट मा.वि. | ६ लाख ५० हजार | |
| | | माहेन्द्री मा.वि. | ६ लाख ५० हजार | |
| ३. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना र व्यवस्थापन | वाराही मा.वि. | ६ लाख ५० हजार | |
| | | केशवटार मा.वि. | ६ लाख ५० हजार | |
| | | अमरज्योति मा.वि. | ६ लाख ५० हजार | |
| | | उदय मा.वि. | ६ लाख ५० हजार | |
| ४. | शिक्षण सिकाइमा ICT को | इन्दु मा.वि. | ६ लाख ५० हजार | |
| | | भानु मा.वि. | ६ लाख ५० हजार | |

| | | | | |
|---|---|---|---|---|
| | प्रयोगको लागि अनुदान | चण्डिदेवी राष्ट्रिय मा.वि. | ६ लाख ५० हजार | |
| ५. | आधारभूत तर्फको गणित, विज्ञान र अंगेजी विषयका लागि क्रियाकलाप | सरस्वती आ.वि. | ५० हजार | |
| | | परासर आ.वि. | ५० हजार | |
| | | शिवपाञ्चायन आ.वि. | ५० हजार | |
| | | सिद्धवेनी आ.वि. | ५० हजार | |

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको २०७५/०३/१७ गतेको प्र.अ. नियुक्ति सम्बन्धी परिपत्र अनुसार विद्यालय विकास प्रस्ताव र वि.व्या.स.को निर्णय सहित प्रधानाध्यापक पदमा नियुक्तिका लागि सिफारिस भई आएका देहायका विद्यालयका देहायका शिक्षकहरुलाई व्यास नगर शिक्षा ऐन २०७५ तथा नियमावली २०७४ बमोजिम योग्यता पुगेको हकमा ३ वर्षका लागि नियुक्ति गर्ने र योग्यता नपुगेको हकमा अर्को व्यवस्था नहुँदासम्म नि.प्र.अ. पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

| सि.नं | विद्यालयको नाम | ठेगाना | शिक्षकको नाम | नियुक्तिको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री चण्डेश्वरी आ.वि. | व्यास ११ | श्री शंकर रानाभाट | प्र.अ. | |
| २ | श्री अमृत आ.वि. | व्यास ६ | श्री रविचन्द्र वाग्ले | प्र.अ. | |
| ३ | श्री जनकल्याण प्रा.वि. | व्यास ७ | श्री सरिता जि.सी | नि.प्र.अ. | |
| ४ | श्री बसन्तकाली प्रा.वि. | व्यास ७ | श्री इन्द्रकला रेग्मी | प्र.अ. | |
| ५ | श्री जलदेवी मा.वि. | व्यास १ | श्री जयराम सेढाई | प्र.अ. | |
| ६ | श्री कालिका प्रा.वि. | व्यास ९ | श्री चिजकुमार श्रेष्ठ | प्र.अ. | |
| ७ | श्री जनकल्याण प्रा.वि. | व्यास ११ | श्री देउबहादुर लौडारी | प्र.अ. | |

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक (वडा नं १ कै छाब्दी मार्गको पूर्व धुपखोला खोल्सीदेखि पश्चिम मदनप्रसाद पण्डितको घरको पश्चिमतर्फको ठाडो बाटो भित्र पर्ने पिच बाटोको दायाँबायाँ मोहोडामा पर्ने चारकुने क्षेत्र भित्रको ७ आना क्षेत्रफल जग्गा) जग्गा खरिद गर्ने सम्बन्धमा मिति २०७५।१०।११ गते प्रादेशिक खबर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न ३ (तीन) व्यक्तिका सिलबन्दी दरभाउपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गरी कार्यालयबाट प्रकाशित सूचनाको आशय र दायरा भन्दा सबै दरभाउपत्रदताहरुले बढी रकम कबोल गरेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम दरभाउपत्रहरु स्वीकृत गर्न नमिल्ने भनी सिफारिस भई आएको हुँदा मूल्यांकन समितिको सिफारिस बमोजिम सबै दरभाउपत्रहरु अस्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक (व्यास न.पा. वडा नं.९ को गजौडे अर्न्तगत कलेस्ती टुहुरेपसल मार्गमा गजुरे स्वास्थ्य केन्द्रसँग जोडिएका जग्गा वा सो आसपासका क्षेत्रको ९ आना क्षेत्रफल जग्गा) जग्गा खरिद गर्ने सम्बन्धमा मिति २०७५।१०।११ गते प्रादेशिक खबर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न व्यक्तिका सिलबन्दी दरभाउपत्रहरु मध्ये श्री डिलबहादुर गोदार व्यास ९ गजौडे तनहुँले दर्ता गराएको रु.१०,००,०००। अंकको दरभाउपत्र स्वीकृत गरी जग्गा खरिद प्रक्रिया अगाडि बढाउन मनासिव देखिएको भनी नगरपालिका बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएको हुँदा मूल्यांकन समितिको सिफारिस बमोजिम उक्त दरभाउपत्र स्वीकृत गरी जग्गा खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ मा खानेपानी योजनाको लागि आवश्यक (व्यास न.पा. वडा नं.१३ अर्न्तगतको आँपश्वारा, पोखरीभञ्ज्याङ, रिपथर वस्ती, वटाङदी, जनजागृति मा.वि. र वडा कार्यालयलाई खानेपानी आपूर्ती गर्नका लागि सो क्षेत्रसँग नजिक पर्ने खानेपानी मूल भएको ३ रोपनी १ आना १ पैसा १ दाम जग्गा) जग्गा खरिद गर्ने सम्बन्धमा मिति २०७५।१०।११ गते प्रादेशिक खबर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न व्यक्तिका सिलबन्दी दरभाउपत्रहरु मध्ये श्री चिनीमाया क्षेत्री व्यास १३ तनहुँले दर्ता गराएको रु.४,४६,८९४।५२ अंकको दरभाउपत्र स्वीकृत गरी जग्गा खरिद प्रक्रिया अगाडि बढाउन मनासिब भनी न.पा बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएको हुँदा मूल्यांकन समितिको सिफारिस बमोजिम उक्त दरभाउपत्र स्वीकृत गरी जग्गा खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको नव निर्मित बहुउद्देश्यीय भवनमा रहेको सिद्धार्थ बैंक लिमिटेड दमौलीलाई ए.टि.एम. राख्नको लागि कार्यालय प्रवेशद्वारको दायाँतर्फको पुरानो पसल

कवलसँगै जोडिएको खाली स्थान प्रति महिना रु.१५००।(एक हजार पाँच सय) भाडा लिने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१० अन्तर्गत दुम्सीचौरको नारेश्वर खोलामा कृतिम ताल निर्माण गर्ने कार्यका लागि आवश्यक थप जग्गाको स्वामित्व नगरपालिकाको ६० प्रतिशत र स्थानीय उपभोक्ताहरुको ४० प्रतिशत कायम रहने गरी कानून बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै लगानीको अनुपातमा उल्लेखित आयोजनाबाट आयोजना सम्पन्न भएपश्चात् प्राप्त हुने आम्दानी बाँडफाँड गर्ने गरी कानून बमोजिम सम्बद्ध पक्षसँग सम्झौता गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनमा रहेका भाडामा जान बाँकी निम्नानुसारका पसल कवलहरु भाडामा लिई छोडेका पसल कवलहरुको हकमा यस भन्दा पहिला भाडामा लिने व्यक्तिले सकार गरेको मुल्यलाई नै आधारमानी र अन्य पसल कवलको हकमा साविकमा यस नगरपालिकाले निर्धारण गरेबमोजिम नै निम्नानुसारको न्यूनतम मुल्य कायम गरी डाँक बढाबढको प्रतिस्पर्धाका आधारमा भाडामा लगाउने गरी ७ दिने डाँक बढाबढ सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | पसल कवल नं. | न्यूनतम कवोल अंक | कैफियत |
|---|---|---|---|
| १ | १११ | ३०००५। | भाडामा लिई छोडेको |
| २ | ११६ | १८०००। | |
| ३ | ११७ | २६५००। | भाडामा लिई छोडेको |
| ४ | १२७ | ३६५००। | भाडामा लिई छोडेको |
| ५ | १२८ | १८०००। | |
| ६ | १२९ | १३०००। | |
| ७ | १३० | १४०००। | |
| ८ | १३१ | २१०००। | |
| ९ | १३४ | १७०००। | |